अस्पतालका लागि सामग्री चाहिएमा सम्झनुहोस् ।

अस्पतालका लागि आवश्यक एक्स रे मेशिन, एक्स रे फिल्म, केमिकल लगायत सर्जिकलका सामग्रीहरु चाहिएमा हामीलाई सम्झनुहोस् ।

प्रवन्ध निर्देशक : हर्कसाल्तेन राई
**श्री छिन्ताङदेवी ट्रेडर्स**
त्रिपुरेश्वर, काठमाडौं
मो. ९८५११-४०२७२/ ९८४१६८०२५६

# धनकुटा

Dhankuta weekly — साप्ताहिक


घरनक्सा बनाउन हामीलाई सम्झनुहोस्

दक्ष इञ्जिनियरहरुद्वारा आकर्षक डिजाईनका घरनक्सा बनाउन, स्टीमेट गर्न परेमा सम्पर्क गर्नु होला ।

प्रवन्ध निर्देशक: **गीता राई**
ड्रिमहोम इञ्जिनियरिङ कन्सल्टेन्सी
चन्द्रागिरी नगरपालिका-१७
सतुंगल, काठमाडौं
मो. ९७५१०-०६६६६

वर्ष-२२ ● अङ्क-३३ ● नेपाल सम्बत् ११४१, २०७८, साउन ४, गते सोमबार ● 19 July 2021 ● www.dhankuta.com ● पृष्ठ सङ्ख्या ६ ● मूल्य रु. १०/-

## प्रधानमन्त्री देउवाले प्राप्त गरे विश्वासको मत



**धनकुटा सम्वाददाता**

काठमाडौँ । प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत प्राप्त गरेका छन् । प्रतिनिधि सभामा उपस्थित २ सय ४९ सदस्यहरूमध्ये प्रधानमन्त्री देउवाले १ सय ६५ मत प्राप्त गरेका छन् ।

संविधानको धारा २०७६ (५) अन्तर्गत देउवाले विश्वासको मत प्राप्त गरेपछि अब उनले निर्वाचनसम्म सरकार सञ्चालन गर्ने भएका छन् । विश्वासको मत पाइसकेपछि उनीमाथि कम्तीमा दुई वर्ष अविश्वासको प्रस्ताव ल्याउन पाइँदैन । अब संसदको कार्यकाल डेढ वर्षमात्र बाँकी रहेकाले संसद पूर्ण कार्यकाल चलेर देउवाकै नेतृत्वमा चुनाव हुने देखिन्छ ।

संविधानको धारा १०० (४) मा प्रधानमन्त्री नियुक्त भएको दुई वर्षसम्म र एकपटक अविश्वास को प्रस्ताव राखेपछि अविश्वास को प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेश गर्न नपाईने व्यवस्था छ ।

तर, प्रधानमन्त्रीले आफ्नै

..................बाँकी ५ पेजमा

## पत्रकार महासंघका पूर्व अध्यक्ष कोरोना संक्रमण





धनकुटा । नेपाल पत्रकार महासंघ धनकुटाका पूर्व अध्यक्ष मोहन बान्तवालाई कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमण पुष्टि भएपछि उनलाई धनकुटा आईशोलेसन सेन्टरमा भर्ना गरिएको छ । धनकुटा कोभिड आकस्मिक कक्षमा उपचार गराई उनलाई थप उपचारका लागि आत्मारास्थित आईशोलेसन सेन्टरमा भर्ना गरिएको महासंघका पूर्व अध्यक्ष तथा बान्तवाका भतिज विजय सन्तोषी राईले जानकारी दिए ।

एक सातादेखि ज्वरो तथा खोकी आई घरमै उपचार गराईरहेका बान्तवालाई लक्षण देखिएपछि परिक्षण गरिएको थियो । कोभिड अस्पतालमा बेड खाली नभएपछि आईशोलेसन सेन्टरमा भर्ना गरि

..................बाँकी ५ पेजमा

## औद्योगिक ग्राम सञ्चालनका लागि समिति गठन

धनकुटा । सरकारले हरेक स्थानीयत तहहरूमा एक औद्योगिक ग्राम निर्माण गर्ने नीति अंगिकार गरेको छ । यसैक्रममा साँगुरीगढी गाउँपालिकाले औद्योगिक ग्राम निर्माणका लागि ९ सदस्यीय जग्गा व्यवस्थापन सिफारिस समिति गठन गरेको छ । समितिका संयोजकमा तत्कालीन खुवाफोक गाविसका पूर्व अध्यक्ष नरेन्द्र याख्खा, सहसंयोजक नरोत्तम लिम्वु र सचिवमा सुदिप याख्खा रहेका छन् । अन्य सदस्यहरूमा ललित याख्खा, दिल कुमारी लिम्वु, महेन्द्र माझी, दिपक कार्की, टेकबहादुर कार्की र अस्मिता लिम्वु रहेका छन् ।

सो समितिलाई १५ दिन भित्र उपयुक्त जग्गा छनौट गरी पालिकामा सिफारिस गरी पठाउन पालिका अध्यक्ष कुमारजङ याख्खाले आग्रह गरेका छन् ।

नेपाल सरकारले औद्योगिक ग्राम निर्माणका लागि मापदण्ड तोके अनुसार जग्गा उपयुक्त छकी छैन भनि संघीय सांसद राजेन्द्र राई, पालिका अध्यक्ष याख्खा, ३ नं वडाध्यक्ष राज कुमार राई, पालिका सदस्य बालकृष्ण राई, फुलकुमारी लिम्वु, नेकपा एमाले गाउँ कमिटी अध्यक्ष विजय लिम्बु, सहईञ्चार्ज निर्मला ईवाहाङलगायत कुसेटार र डुम्रेका स्थानीयले अवलोकन गरेका थिए ।

सो क्रममा सांसद राईले १ अर्ब भन्दा बढीको औद्योगिक ग्राम बन्ने भएकोले चाडो भन्दा चाडो स्थान छनौट गर्न गाउँपालिका तथा वडालाई आग्रह गरेका थिए ।

## १५ आरोपित धरौटीमा रिहा



धनकुटा । पाख्रीवास नगर सभाको क्रममा तोडफोड गरेका आरोपित १५ नेता रिहा भएका छन् । रिहा भएपछि उनीहरूलाई नेपाली कांग्रेसले बधाई ज्ञापन गर्दै सम्मान गरेको छ ।

सो घटनाको आरोपमा पाख्रीवास ४ का वडाध्यक्ष सोवित निरौलाले भने आफै गिरफ्तारी दिई धरौटीमा रिहा भैसकेका छन् । सोहि घटनामा कांग्रेस जिल्ला सदस्यहरू जयन्द्र घिसिङ, निलम थापा, पाख्रीवास नगर कार्य समितिका सभापति प्रेम भण्डारी, कोषाध्यक्ष वीरबहादुर थापा, वडा नं. ४ का सभापति श्याम प्रकाश राई थिए । यस्तै कांग्रेस युवा नेताहरू गोकुल घिमिरे, सञ्जय मगर, नेपाल तरूण दलका जिल्ला सदस्य सन्तोष मानन्धर, घोर्लिखर्कका अध्यक्ष पासाङ्

..................बाँकी ५ पेजमा

## गुनासो गर्दा प्रमुख तामाङले बसाई सर्न धम्काएको आरोप




धनकुटा । धनकुटा नगरपालिका वडा नं. ६ निवासी कोपिला शंकरलाई नगरप्रमुख चिन्तन तामाङले गालीगलौज गरेको आरोप लगाएका छन् । शंकरले घरमा पानी नआएको र फोहोर उठाउने गाडी नआएको भनि गुनासो राख्दा प्रमुख तामाङले गाली गर्दै घर छोडेर हिड्नु भनेको शंकरले बताईन् ।

सो कुरा शंकरले पत्रकार सम्मेलन गरी जानकारी दिएकी हुन् । उनले आफुले टेलिफोनमार्फत प्रमुख समक्ष सो गुनासो राख्दा उल्टै घर छोडेर जानुस् भनेर धम्क्याएको आरोप लगाइन् । उनले आफुले आफ्नो टोलमा फोहोर बोक्ने गाडी नआएको र खानेपानी पनि आउन १५ दिनभन्दा बढी भएको जानकारी गराएको बताइन् ।

शंकरले गुनासो राख्दा प्रमुखले 'तपाईकै घरमा पानी नआउने,

..................बाँकी ५ पेजमा

## धनकुटामा साउन १० सम्म निषेधाज्ञाको समय थप

**विकास घिमिरे**

धनकुटा । विश्व महामारीका रूपमा फैलिरहेको कोरोना संक्रमणको जोखिम अहिले पनि जिल्लामा कायमै रहेको छ । सोहि कारण जिल्ला प्रशासन कार्यालयले जिल्लामा निषेधाज्ञाको समय थप गरेको छ । यो निषेधाज्ञा आगामी साउन १० गते राती १२ बजेसम्मका लागि जारी गरिएको प्रशासनद्वारा विज्ञप्तीमा जनाईएको छ ।

यस अघि जिल्लामा गत असार ३१ गते राती १२ बजेसम्मका लागि भनेर जिल्ला प्रशासनले असार २५ गते निषेधाज्ञा जारी गरेका थिए ।

यो निषेधाज्ञा पहिलेजस्तो कडा नभई सर्वसाधारणलाई आफ्नो दैनिकी सञ्चालन गर्न केहि सहज हुनेगरी लागू गरिएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पन्थले जानकारी दिए ।

यो निषेधाज्ञामा सबै खालका पसलहरूलाई बिहान ६ बजेदेखि राती आठ बजेसम्म खोल्न दिइने प्रजिअ पन्थले जानकारी दिए । त्यस्तै सरकारी तथा गैरसरकारी कार्यालयहरूलाई स्वास्थ्य मापदण्डको पूर्ण रूपमा पालना गरी आफुले दिनुपर्ने सबै सेवा नियमित सेवा प्रदान गर्न भनिएको छ ।

यसैगरी स्वास्थ्य मापदण्डको पालना गरी लामा तथा छोटा दुरीका सबै खाले सवारी साधन संचालन गर्न दिइने भएको छ । तर यो अवधिमा विद्यालय, कलेज, साप्ताहिक हाटबजार, सिनेमा हललगायतका अधिक भिडभाड हुने स्थान भने खोल्न नदिइने प्रजिअ पन्थले जानकारी दिए ।

## मुख्यमन्त्री नै नआउने सम्पर्क कार्यालय

**ईश्वर थापा**

धनकुटा । मुख्यमन्त्रीले उद्घाटनमा प्रतिवद्धता जनाए अनुसार काम नगरेपछि सुनसान बनेको छ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सम्पर्क कार्यालय । धनकुटा सहित कोशी पहाडका संखुवासभा, भोजपुर र तेह्रथुम गरी चार जिल्लालाई प्रदेश सरकारले सेवा दिने उद्देश्यले सम्पर्क कार्यालय स्थापना भएको थियो ।




स्थापना गरिएको २ वर्ष बढी भएको छ । उद्घाटनको क्रममा मुख्यमन्त्री शेरधन राईले संघीयताको मर्म विकेन्द्रिकरण रहेको हुनाले धनकुटामा सम्पर्क कार्यालय खोलेको बताएका थिए । उनले आवश्यक पूर्वाधार र कर्मचारीको ब्यबस्था गरेर धनकुटा सहित भोजपुर संखुवासभा र तेह्रथुम जिल्लालाई प्रदेश सरकारले यही कार्यालयबाट सेवा उपलब्ध गराउने बताएका थिए । उनले गर्मी मौसममा प्रदेश मन्त्रिपरिषद्को बैठक यहि बस्ने प्रतिवद्धता जनाएका थिए । उनले सयम सयममा बस्ने गरी आएर कोशी पहाडी जिल्लाकोका वारेमा निर्णय गर्ने प्रतिवद्धता जनाएका थिए । तर, धनकुटा भ्रमणमा अन्य कामका लागि आउँदा स्थानीयवासीले सम्पर्क कार्यालयका वारेमा प्रश्न उठाएपछि जम्मा दुई पटक एकछिनका लागि मात्र पाईला टेकेका छन् ।

त्यसपछि मुख्यमन्त्रीले कुनै वास्ता गरेका छैनन् । प्रदेश १ को राजधानीको माग राख्दै चलिरहेको आन्दोलन मत्थर पार्न प्रदेश सरकारले २०७६ साल बैशाखमा यो सम्पर्क कार्यालय स्थापना गरेका थिए ।

कार्यालयमा नायव सुब्बा र कार्यालय सहयोगी गरेर दुई जना मात्रै कर्मचारी रहेका छन्। कार्यालय स्थापना भएपछि स्वास्थ्य निर्देशनालय धनकुटामा कार्यरत अधिकृत लोकेन्द्र फागोलाई थप कार्यालय प्रमुखको जिम्मेवारी तोकिएको थियो। फागोलाई मुख्यमन्त्रीको सम्पर्क कार्यालयसहित स्वास्थ्य निर्देशनालयको दोहोरो जिम्मेवारी दिइएको थियो । सोहीअनुसार

..................बाँकी ५ पेजमा

**विश्रान्ती प्रकाशनद्वारा प्रकाशित**

**कानुनी सल्लाहकार**: आनन्द सन्तोषी राई

**सल्लाहकार** : लीलाबल्लभ घिमिरे

**प्रकाशक / सम्पादक** : राजेश्वरबहादुर श्रेष्ठ

**प्रबन्ध सम्पादक** : विजयसन्तोषी राई

**समाचार सम्पादक** : खगेन्द्रप्रसाद घिमिरे

**कार्यकारी सम्पादक** : हरिबहादुर लम्जेल

**उप सम्पादक** : विनोद घिमिरे

**कार्यालय** : धनकुटा नगरपालिका – ६, वीचबजार, धनकुटा

**इमेल**:newsdhankuta@gmail.com / dktweekly@yahoo

**फोन** : ९८५२०६१६११/ काठमाडौँ सम्पर्क: ९८४१५१६८६४

**मुद्रण** : जनविश्वास अफसेट प्रेस, धनकुटा ।

## सम्पादकीय

### खोपको व्यवस्था शीघ्र होस्

लामो अन्तरद्वन्द्व, शंका उपशंकावीच शेरबहादुर देउवा सरकारले बहमत पाएको छ । अब कम्तिमा डेडवर्ष जति यो सरकार सत्तामा रहन्छ । नेपाली जनताले लामो समयपछि स्थायी सरकारको आवश्यकता महसुस गरी नेकपाको गठबन्धनको भ्ण्डै दुई तिहाई बहुमत नजिक सरकारलाई मत दिएका थिए । तर, तत्कालीन प्रधानमन्त्री केपी ओलीको दम्भ, आफुमा केन्द्रिकरण सोंचका कारण पार्टीभित्रै असन्तुष्टिको आवाज उठे । संयम र अनुशासित प्रतिपक्षी हुदाँ हुदैपनि सरकारले पूर्ण अवधि सञ्चालन गर्न सक्ने अवस्था आएन । एउटै प्रधानमन्त्रीले दुईदुई पटक गैरसंवैधानिक रुपमा संसद विघटन गर्न पुग्यो । अन्ततः सर्वोच्च अदालतले संविधान बचाउन संसद पुनःस्थापित गर्दै देउवालाई प्रधानमन्त्री नियुक्ति गर्न परमादेश नै जारी गऱ्यो ।

अब देउवा सरकारलाई हिजाका प्रधानमन्त्रीले गरेका जस्ता हावा कुरा गर्न, जनतालाई अनावश्यक आश्वासन दिन, प्रतिपक्षीलाई हेप्ने जस्ता भूल गरे जनताले क्षमा दिने छैनन् । अहिले जनतालाई सबैभन्दा बढी आवश्यकता भनेको कोरोनाविरुद्धको खोप हो । यो खोप सहज रुपमा आमजनताले लगाउने व्यवस्था गर्नु नै यो सरकारको पहिलो प्राथमिकता हो । हुनत प्रधानमन्त्री देउवाले पहिलो भाषणमा पनि आफ्नो सरकारको पहिलो,दोस्रो र तेस्रो प्राथमिकता नै खोप हो भनिसकेका छन् । अब यो खोपमा राजनीति नगरी सबै वर्गका, सबै क्षेत्रका जनतालाई लगाउने व्यवस्था सरकारले मिलाउनु पर्छ ।

त्यसपछि कोरोनाले गुमाएको रोजगार, आर्थिक गति, पर्यटन, शिक्षा, व्यवसायलाई क्रमशः पहिलेको अवस्थामा ल्याउन प्रयत्न गर्नु पर्छ । अब तेस्रो भेरियन्टबाट आमजनतालाई बचाउन सरकार सफल हुनै पर्छ । जनताले देउवा सरकारसँग अरु केहि हैन, बस् यहि अपेक्षा राखेका छन् ।

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्युनतम पारिश्रमिक प्रदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ओली सरकार पतनका ५० कारण



हरि ज्ञवाली

दुई तिहाइ सांसदको समर्थन सहित शक्तिशाली प्रधानमन्त्रीका रूपमा उदाएका केपी शर्मा ओलीको सरकार अन्ततः अदालतको फैसलाबाट ढलेको छ । प्रतिनिधि सभा विघटनको सिफारिस दोस्रो पटक पनि बदर भएपछि डेढ वर्ष देखि निरन्तर धर्मराइरहेको ओली सरकारको यात्रा टुङ्गिएको छ ।

'समृद्ध नेपाल, सुखी नेपाली' को नारा अघि सारेका ओलीले न आफैंले एकीकरण गरेको नेकपा पार्टीको दह्रो साथ पाउन सके न त सिङ्गो एमाले पङ्क्तिको समर्थन नै । हावाबाट बिजुली निकाल्ने, पानीजहाज ल्याउने, पूर्व–पश्चिम रेल कुदाउने, घरघरमा ग्याँसको पाइप पुऱ्याउने लगायतका अनेकन् सपना बाँडेका ओली साढे तीन वर्षको कार्यकालमा कहिले चौतर्फी प्रशंसित बने त कहिले तीव्र आलोचित । उनको सरकारप्रति न मूलधारका मिडिया सकारात्मक देखिए न त मिडियाप्रति उनी नै सहिष्णु बन्न सके । बौद्धिक जमातको एउटा ठूलो हिस्सा र नागरिक समाजप्रति सदैव आलोचक रहेका ओलीलाई न त अदालतको साथ भयो न त छिमेकी राष्ट्रहरूको बलियो समर्थन नै ।

फलतः करीब दुई तिहाइ सांसदको समर्थनसहित शक्तिशाली प्रधानमन्त्री बनेका ओलीले आफ्नै पार्टीको साधारण बहुमत पनि प्राप्त गर्न सकेनन् । 'हाई हाई'को स्वर्ण अनि सकारात्मक अवसर र अनुकूलतालाई मुलुक र जनताको पक्षमा सदुपयोग गर्न असफल ओली सरकारका पतनका आन्तरिक र बाह्य कारण गरी निम्न ५० बुँदामा यसरी समेट्न सकिन्छ–

१. आफ्नै पार्टी नेकपा एमालेका नेता माधव नेपाल पक्षधर २३ जना सांसदहरूले पार्टी निर्णय विरूद्ध विपक्षी दलका नेता देउवालाई समर्थन गर्दै हस्ताक्षर राष्ट्रपति कार्यालयमा बुझाउनु र अदालतमा सशरीर उपस्थित हुनु ।

२. संसद आफूअनुकूल नहुनेबित्तिकै उत्तेजनामा आएर प्रतिनिधिसभालाई पटकपटक विघटनको सिफारिश गरी आफ्नै पार्टी र विपक्षी दललगायत सबैलाई चिढ्याउनु ।

३. एमाले र माओवादीबीचको पार्टी एकीकरण केपी ओलीको सत्ता जोगाउने स्वार्थ र प्रचण्डको पार्टी कब्जा गर्ने षड्यन्त्रको खेल मात्रै बन्नु ।

४. पार्टी एकीकरणबारे आफ्नै पार्टीमा समेत गहन छलफल र निर्णय नगरिनु र पार्टीमा सबै पक्षलाई समेट्न नसक्नु ।

५. पार्टी अध्यक्ष केपी शर्मा ओलीको दम्भ र छलकपटको शैली अनि वरिष्ठ नेता माधव नेपालको इगो र बढ्दो बार्गेनिङका कारण पार्टीमा समस्याहरू बल्झिंदै जानु ।

६. नेकपा एमालेको चुनावी घोषणापत्रको मर्म, भावना र उद्देश्यअनुरूप सरकार चल्न नसक्नु र सरकारमा पार्टीको अपनत्व कायम हुन नसक्नु ।

७. सरकारले गरेका राम्रा कामको पार्टी मार्फत जनतामा सम्प्रेषण नहुनु र सरकारले पार्टीका तर्फबाट उपयुक्त सुझाव, पृष्ठपोषण र नियन्त्रण पाउन नसक्नु ।

८. धारा ७६ (३) अनुसार संसदको सबैभन्दा ठूलो दलको नेताको हैसियतमा प्रधानमन्त्री नियुक्त भएका व्यक्तिले संसदमा विश्वासको मत नलिनु ।

९. संवैधानिक इजलास गठन सम्बन्धी विषयमा पार्टी र सरकारका तर्फबाट आवश्यक पहलकदमीमा कमजोरी रहनु र न्यायालयमा ओलीको सेटिङ छ भन्ने अफवाह फैलाइनु ।

१०. ओलीको कार्यकालमा कोरोनाको विश्वव्यापी संकट उत्पन्न हुनु र सरकारको गतिमा ठूलो रोकावट पैदा हुनु ।

११.सम्मानित राष्ट्रपतिको पदीय गरिमा बचाउन नसक्नु र राष्ट्रपतिलाई पार्टीको कार्यकर्ता वा प्रमको सहयोगी जस्तै बनाइनु ।

१२. सरकार सर्वसत्तावाद उन्मुख यात्रा र खुला भ्रष्टाचारका विरोधाभासपूर्ण द्वन्द्वमा पिल्सिंदै राजनीतिक पतनको विन्दुमा पुग्नु ।

१३. कुनै बेला राष्ट्रवादी नेताको छवि बनाएका ओली विस्तारै आफ्नो सत्ता टिकाउन जे जस्तो सम्झौता गर्न पनि तयार हुँदै समर्पणको नीति अपनाउनु ।

१४. भ्रष्टाचार, दण्डहीनता, अपराध लगायतका बेथिति बढ्दै भ्रष्टाचार र कमिशनतन्त्र झन् संस्थागत हुँदै जानु ।

१५. वाइडबडी काण्ड, सुनकाण्ड, सिण्डिकेट काण्ड र बालुवाटार जग्गा प्रकरण लगायतमा सरकार उदासीन बनिरहनु ।

१६. कोभिड महामारी नियन्त्रण र रोकथामका लागि मेडिकल सामग्री खरीद प्रकरणमा भएको भ्रष्टाचारमा सरकार मौन रहनु ।

१७. निर्मला हत्याकाण्ड र भागरथी भट्टको हत्याकाण्डका दोषीहरूलाई कारबाही गर्न नसक्नु ।

१८. कार्यपालिका अन्तर्गतका राज्यका निकायहरूलाई केन्द्रीकृत गरी आफू शक्तिशाली बन्न सार्वभौम संसद् र स्वतन्त्र न्यायालयलाई समेत सरकारअनुकूल बनाउन खोज्नु ।

१९. फरक मत र आलोचनालाई खप्न नसक्ने स्वाभाव, अनुत्तरदायी र स्वेच्छाचारी प्रवृत्ति देखिनु ।

२०. आर्थिक विकास, समृद्धि र सुशासन हासिल गर्ने ठोस दृष्टिकोण, नीति र कार्यक्रम नदेखिनु, कुशासन र भ्रष्टाचारका कारण सरकार र नेकपाप्रति जनताको मोहभंग हुनु ।

२१. प्रधानमन्त्री ओलीलाई विपक्षी र समकक्षीबाटै संघीयता, गणतन्त्रलगायत पछिल्ला उपलब्धिहरूलाई नरूचाउने नेताको रूपमा चित्रित गरिनु ।

२२. गुठी विधेयक संसदमा दर्ता गरेर सनातन संस्कृति र धार्मिक आस्थामाथि आँच पुऱ्याउनु ।

२३. राज्यको चौथो अंग प्रेसजगत र सामाजिक सञ्जाललाई नियन्त्रण गर्ने उद्देश्यले विवादास्पद कानून संसदमा दर्ता गर्दै प्रतिपक्षी दल, नागरिक समाज र सञ्चारजगतलाई चिढ्याउनु ।

२४. राष्ट्रिय मानवअधिकार आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग जस्ता संवैधानिक निकायमा राजनीतिक हस्तक्षेप गर्न खोज्नु ।

२५. विकास निर्माणका यथार्थ विषयभन्दा हावादारी गफ कुरा गर्नु । सरकारी घोषणा महत्वाकांक्षी र प्रचारमुखीमामात्र सीमित हुनु ।

२६. छिमेकी राष्ट्रहरूको सम्बन्धलाई समदूरीमा कायम गर्न नसक्नु, सम्बन्धमा उतारचढाव वा अस्थिरता आउनु र अन्तर्राष्ट्रिय नीतिमा कूटनीतिक अपरिपक्वता देखिनु ।

२७. आफ्नो वा अर्को पार्टी फुटाउने गलत मनसायका साथ दलसम्बन्धी अध्यादेश ल्याउनु ।

२८. राष्ट्रवाद, समृद्धि र सुशासन जस्ता लोकप्रिय नारा चुनावी नारामा मात्र सीमित हुनु ।

२९. राम्रा मान्छेभन्दा पनि हाम्रा मान्छेकौ मात्रै सरकारमा हालीमुहाली हुनु र अनुभवी, बौद्धिक व्यक्तित्वहरूको सल्लाह, सुझावलाई ग्रहण गर्न नसक्नु ।

३०. पार्टीका असली कम्युनिष्ट कार्यकर्ता सरकारबाट उपेक्षित र निरीह बन्नुपर्ने अवस्था सिर्जना हुनु।

३१. आम जनतामा कम्युनिष्ट सरकारको अनुभूति नै नहुनु र सरकारमा दलाल, कमिशनखोर र भ्रष्टहरूको चलखेल बढ्दा सिङ्गो एमाले नै बदनाम हुनु ।

३२. नेताहरूमा बढ्दो दम्भ र घमण्डका कारण पार्टी कार्यकर्ता दास र निरीह बन्नुपर्ने अवस्था सिर्जना हुनु ।

३३. पार्टीको विधि, पद्धति र नियमभन्दा जिद्दी, अहम् र जबर्जस्तीको वातावरण सिर्जना हुनु ।

३४. मन परेका मानिसलाई हदैसम्म काखी च्याप्नु र राम्राभन्दा पनि हाम्रा मान्छेलाई पटकपटक अवसर दिनु ।

३५. विज्ञान, शिक्षा, स्वास्थ्य, खेलकुद आदिका बारेमा विज्ञता भएको प्रमाणित गर्न अनावश्यक र बनावटी सुझाव दिनु ।

३६. मिडियालाई साथ लिन नसक्नु बरु चिढ्याउने काम गर्दै जानु र खासगरी ठूला मिडियाले सरकारलाई निरन्तर लखेटेको लखेट्यै गर्नु ।

३७. सिङ्गो पार्टी गुन्डा, डन, दलाल, कमिसनखोर र पैसा हुनेहरूको कब्जामा फस्नु र तिनैको बोलवाला र स्वार्थअनुरूप सारा गतिविधि सञ्चालन हुनु ।

३८. पार्टीमा योगदान गरेका असली कम्युनिष्ट नेता–कार्यकर्ताहरू पछाडि पारिनु । अप्ठेरा दिनहरूमा पार्टीलाई बचाउने, संगठन गर्ने र जनताबीच स्थापित गर्ने नेता–कार्यकर्ताहरू जिम्मेवारविहीन र निरीह बनाइनु ।

३९. नियमित रूपमा बैठक, प्रशिक्षण, भेला, सम्मेलन, अधिवेशन नहुँदा जनतामा एमालेको राजनीति पुग्न नसक्नु ।

४०. पार्टीमा कम्युनिष्ट आचरण, विचार, सिद्धान्त र आदर्श निरन्तर स्खलित हुँदै जानु ।

४१. पार्टी नेतृत्व, कार्यकर्ता र आम नागरिकबीचको आत्मीयता र अन्तर सम्बन्ध टुट्दै जानु ।

४२. जनतामा कम्युनिष्ट पार्टी प्रति असन्तुष्टि, निराशा, विरोध र आक्रोश बढ्दै जाँदा पार्टी नै जनस्तरमा बदनाम हुँदै जानु ।

४३. पार्टीका नयाँ पुस्ताका नेताहरू शक्तिकेन्द्र धाउने, पार्टी र सत्ताकै लेनदेनमा बिचौलियाको

..........बाँकी ५ पेजमा

**नमोबुद्ध नगरपालिकाको अनुरोध**

**विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड–१९ संक्रमण पछिल्ला दिनहरुमा यस नगरपालिका क्षेत्रमा तीव्र रुपमा वृद्धि भएकाले यस रोगबाट जोगिन सार्वजनिक स्थल वा कार्यालयमा जाँदा सजग भई अनिवार्य मास्कको प्रयोग गरौं । भौतिक दुरी कायम राखौं । सावुन पानीले मिचि–मिचि हात धुऔं वा सेनिटाइजर प्रयोग गरौं । कुनै स्वास्थ्य समस्या भए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । कोरोनाबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । स्वास्थ्य नै धन हो ।**

साथै हाल संक्रमित हुनु भएका महानुभावहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**टीपी शर्मा तिमल्सिना**
प्रमुख

**राजन पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

**रामदेवी तामाङ**
उपप्रमुख

**एवम् नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिवार, काभ्रे**

# वीवी सर : मानवताका सरल पात्र

**धनकुटा गौरव १**

प्रा. डा. तीर्थ मिश्र

धनकुटा वैभवपूर्ण अतीत भएको नेपालको एक महत्त्वपूर्ण ऐतिहासिक स्थान हो । यस क्षेत्रको महत्त्व र गरिमा बढाउन विभिन्न व्यक्तिहरूको उल्लेख्य योगदान रहेको छ । धनकुटाको पहिचान, विकास र छवि उजागर गर्ने विशिष्ट व्यक्तिहरूको योगदान विषयमा ठाकुर बरालजीले अनुसन्धान तयार गर्नु भएको धनकुटाको एक सय एक सन्तान ग्रन्थ धनकुटा साप्ताहिकले प्रकाशित गरेको छ ।

उहाँको कार्यको सराहना गर्दै धनकुटावासीले आफ्नो जन्मस्थलका विविध क्षेत्रको अध्ययन तथा अनुसन्धानमा ध्यान दिन ढिला भइसकेको अनुभूति हुन थालेको छ । हाल कोरोनाजीको कृपाले घरमै बन्दी भएर थच्चिन बाध्य भएको छु । यी फुर्सदिला दिनमा पुराना सम्झनाहरु पुनः ताजा भएर आउन थालेका छन् । बितेका दिन सम्झदा बिबी सरको भूगोल र इतिहास जहिले पनि उपस्थित हुन्छ । यसै सन्दर्भमा धनकुटाको शैक्षिक विकास एवम् स्थानीयको व्यक्तित्व विकासमा श्रद्धेय बिबी सरको योगदानको संस्मरणमा प्रस्तुत आलेख तयार भएको छ ।

बिबी सरको जन्म विसं १९८० मा भएको थियो । उहाँले २००१ सालदेखि नै गोकुण्डेश्वर स्कुलमा पढाउन थाल्नुभएको थियो । नेपालको शैक्षिक इतिहासमा यस स्कुलको योगदान उल्लेख्य रहेको छ । बिबी सर र गोकुण्डेश्वर स्कुल एकअर्काका पर्यावाची बन्न पुगेका छन् । हुन पनि बिबी सरलाई पृथक गरेमा यस स्कुलको इतिहास अपुरो हुनेछ । हुन त सरप्रतिका यी मेरा निजी दृष्टिकोण हुन् । सबैको दृष्टिकोण त्यही नहुन पनि सक्ला । फेरि मेरो अभिमतबाट सरको समुचित र वस्तुनिष्ठ मूल्यांकन नहुन पनि सक्छ । कताकता अवमूल्यन हुने पो हो कि भन्ने आशंका पनि छ । तर, आफ्ना शिष्यलाई सदैव माफी दिने बिबी सरप्रति नतमस्तक हुँदै यो लेख उहाँलाई नै समर्पण गर्दछु ।

बिबी सरका पुर्खा ललितपुरबाट धनकुटा पुगेको थाहा हुन्छ तर कुन सिलसिलामा हो भन्ने चाहिँ यकिन भएको छैन । धनकुटा बजारमा बसोबास गर्ने नेवारमध्ये अधिकांश काठमाडौं उपत्यकाको भक्तपुरबाट व्यापारको सिलसिलामा त्यहाँ पुगी उतै बसोबास गर्नेहरु रहेको दृष्टान्त पाइन्छ । यसैगरी जागिरको सिलसिलामा आएका, राजधानीबाट निर्वासित भएका शाह तथा राणाहरु, उतै वैवाहिक सम्बन्ध गाँस्न पुगेका व्यक्तिहरु एवम् उचित अवसरको खोजीमा गएकाहरूले धनकुटा बजारमा गुल्जार हुन पुगेको थियो । हिन्दु धर्मावलम्बी नेवार समुदायको बाहुल्य रहेको बजारमा बौद्धमार्गी नेवार कमै छन् । बौद्धमार्गी बिबी सरका पुर्खा पनि बन्दव्यापारकै सिलसिलामा धनकुटा



वीवी सर र पृष्ठभूमिमा उहाँले पढाउनु भएको गोकुण्डेश्वर हाइस्कूल

पुगेको हुन सक्ने अनुमान गर्न सकिन्छ । यहाँ हिन्दु तथा बौद्ध सम्प्रदायका नेवारहरुको संस्कृतिमा खासै भिन्नता छैन । यो धार्मिक सहिष्णुताको अनुपम उदाहरण पनि हो । जातीय कटुताको भावना नहुनु स्थानीय रीतिरिवाज, परम्परा र संस्कृतिलाई मान्यता दिने धनकुटाकै एक विशिष्ट ऐतिहासिक विशेषता रहिआएको छ । यस गरिमामय संस्कृतिमा राजनीतिक स्वार्थका कारण विचलन आउन नदिन सचेत हुने पर्दछ ।

बिबी सरको पूरा नाम भुवनेश्वर बौद्धाचार्य रहेछ भन्ने मैले उहाँको संसर्गमा आएको धेरै पछि मात्र थाहा पाएको हुँ । श्रद्धेय गुरूसित मेरो साक्षात्कार विसं २०१८ साल फागुन महिनामा भएको थियो । त्यसबेला म कक्षा ६ मा भर्ना हुन गोकुण्डेश्वर हाइस्कुल पुगेको थिएँ । हुन त त्यसपूर्व नै मैले उहाँका विषयमा चर्चा-परिचर्चा उपेन्द्र, मोहन बहादुर दाइहरुबाटै सुनेको थिएँ । मलाई उहाँसित साक्षात्कार चाहिँ सरस्वती स्कुलका प्रधानाध्यापक भक्तविनोद श्रेष्ठले गराउनुभएको थियो । बिबी सरको सामीप्यता पाउनुपूर्व उहाँको व्यक्तित्व मेरो मानसपटलमा एक डरलाग्दो, कठोर अनुशासनका हिमायती र विद्यार्थीलाई कडा दण्ड दिने व्यक्तिका रूपमा चित्रण भएको थियो ।

डा. रामप्रसाद पोखरेल, गोकुल पोखरेल आदिलाई पढाउँदा लोहोराले हातमा हानेको, जाँतोमा हात राखेर पिसेको र कठबाँसको लौराले पिटेको जस्ता कुरा सुनेको थिएँ । हुन पनि स्थानीय तथा यस स्कुलमा पढ्न आउनेमध्ये बिबी सरको कुटाइ नखाएका कमै हुन्थे ।

बिबी सरले मलाई कक्षा ६ देखि नै पढाउनुभएको हो । हिसाब र अंग्रेजी उहाँले पढाउने मुख्य विषय थिए तर आवश्यक पर्दा उहाँ जुनसुकै विषय पनि पढाउनु हुन्थ्यो । उहाँको सम्मुख हुनेबित्तिकै विद्यार्थीहरुको होस हवास गुम हुन पुथ्यो । कतिजना त पढेको र बुझेको कुरा पनि प्रकट गर्न सक्दैनथे । म छ कक्षामा पढ्दा उहाँ शिक्षक हुनुहुन्थ्यो भने क्रमशः सहायक प्रधानाध्यापक (प्रअ) हुँदै म कक्षा १० मा पुग्दा प्रअ हुनुभएको थियो । उक्त विद्यालयको प्रअ पदबाटै अवकाश लिनुभएका बिबी सर विद्यालयमा जुन विषयका शिक्षक अनुपस्थित हुन्थे सोही कक्षामा गएर उक्त विषय पढाउनुहुन्थ्यो । एककिसिमले सबै विषयमा दखल थियो । उहाँ संस्कृत भाषा पढाउन पनि सक्षम हुनुहुन्थ्यो । विद्यार्थीहरुलाई विद्यालयको समयमा खाली रहन दिनु हुँदैन भन्ने उहाँको मान्यता थियो । वास्तवमा उहाँ जस्ता जिज्ञासु व्यक्ति विरलै हुने गर्दछन् ।

म हिसाबमा कमजोर थिएँ । कक्षा ६ को अर्धवार्षिक परीक्षामा हिसाबमा मेरो शून्य अंक आयो । सरस्वती स्कुलको प्रधानाध्यापक भक्तविनोद श्रेष्ठले मबाट यस किसिमको नतिजाको अपेक्षा गर्नु भएको थिएन । त्यसैले उहाँले मलाई बिबी सरको सम्मुख लिएर जानुभयो । र, मेरो क्षमताअनुसार नतिजा नआएकामा खिन्नता व्यक्त गर्नुभयो । बिबी सरले मलाई सम्झाउँदै Unsucess in the Pifll\ar of Success भन्दै सहयोग गर्ने वचन दिनुभयो । मलाई त्यसपछि उहाँले विशेष ध्यान दिन थाल्नुभएको थियो । त्यसैबेला मैले थाहा पाएँ, बीबी सर त नौनी पो हुनुहुँदोरहेछ । मैले उहाँलाई शिष्यलाई प्रेम गर्ने र सदैव सिकाउन तत्पर हुने सुयोग्य गुरूका रूपमा पाएँ । तत्पश्चात् उहाँप्रतिका सम्पूर्ण पूर्वअनुमान गलत साबित भएको निष्कर्ष निकालेँ । तथापि, बिबी सरसित निर्धक्क कुरा गर्ने साहस भने ममा कहिल्यै भएन । उहाँसित बोल्नुपर्दा कताकता मनमा धक लाग्थ्यो ।

विद्यालयको टिफिन समयमा उहाँ मलाई नजानेको कुनै पनि विषय पढाइदिनुहुन्थ्यो । हिसाब त उहाँसित सिकिनँ तर अंग्रेजी चाहिँ पढ्न थालेँ । उहाँले पढाउने विषय ज्यामिति मैले कण्ठै पारेको थिएँ । तर, बुझेर भने होइन । मैले कक्षा ६ देखि १० सम्म पढ्दा उहाँले अंग्रेजी र हिसाब पढाउनु भयो । हामी ७-८ कक्षामा पढ्दै उहाँले बिए पास गर्नुभएको थियो । सरको पिटाइ र गाली नखानेमा म पनि परेकोमा आफैंलाई अचम्म लागेको छ । उहाँले गाली गर्दा प्रायः प्रयोग हुने शब्द तथा वाक्यांश थिए, सुकुलगुन्डा, स्याल, घाँस खानको दुःखले मान्छ भाको आदि ।

विसं २०२२ सालमा एसएलसी दिने बेलासम्म म बिबी सरको प्रत्यक्ष निगरानीमा थिएँ । विसं २०२३ देखि २०२६ बीचमा धनकुटा कलेजमा पढ्दा र सरस्वती स्कुलमा पढाउँदा पनि बिबी सरको निकट नै थिएँ । म काठमाडौं आएपछि भने बिदामा धनकुटा जाँदा मात्र उहाँसित मेरो साक्षात्कार हुन थाल्यो । मैले एमए पास गर्दा होस् वा पिएचडी गर्दा होस् अथवा प्राध्यापकमा सिफारिस हुँदा होस् सारै प्रसन्न हुनेमा बिबी सर पनि एक हुनुहुन्थ्यो । उहाँ प्रायः मसित अंग्रेजीमै कुरा गर्नुहुन्थ्यो । धनकुटा गएको बेला उहाँसित भेट्न पाउँदा र कुरा गर्दाको आनन्द अहिलेसम्म पनि अनुभूत गर्दै छु । उहाँ जहिले पनि शिक्षा तथा ज्ञानकै कुरा गर्नुहुन्थ्यो, घरव्यवहारका गन्थन कहिल्यै गर्नुभएन । बिबी सरले अन्यत्र अवसर पाउँदा पनि धनकुटा र शिक्षण पेसा पनि छाड्नुभएन ।

बिबी सरले पढाउनुभएका चेलाहरु सूर्यबहादुर थापा, ज्ञानेन्द्र बहादुर कार्की तथा पदमबहादुर बस्नेत मुलुककै प्रमुख राजनैतिक व्यक्तित्व बन्न पुगेका छन् । लब्ध प्रतिष्ठित चिकित्सक डा. रामप्रसाद पोखरेल, डा. हरिगोविन्द श्रेष्ठ, डा. गोकुलदास मास्के, डा. सम्पूर्णानन्द ढुंगाना, अमर प्रधान तथा डा. भगवान् श्रेष्ठ उहाँकै शिष्य हुन् । साथै तुलसी दिवस, दयाराम श्रेष्ठ सम्भव तथा अशेष मल्ल जस्ता साहित्यिक व्यक्तित्व र रामनारायण श्रेष्ठ, नृपेन्द्रकुमार मल्ल, कृत्येन्द्रकुमार मल्ल तथा गोविन्ददास मास्के जस्ता कुशल प्रशासकका गुरू पनि उहाँ नै हुनुहुन्छ । उपेन्द्र दुःखी, एलपी जोशी, सुन्दर श्रेष्ठ, ओमकार श्रेष्ठ, गणेश खुँजेली, लक्ष्मीकृष्ण श्रेष्ठ भोगेन्द्रप्रकाश श्रेष्ठ तथा चन्द्र श्रेष्ठ जस्ता कलाकार र नारायण जोशी, उपेन्द्र पोखरेल तथा निरञ्जन वस्ती जस्ता प्राध्यापक उहाँकै शिष्य हुन् । पूर्वसेनापति छत्रमान गुरुङ तथा प्रहरी अधिकृत रामकाजी बान्तवा जस्ता सिपाही पनि उहाँकै शिष्य हुन् । हाले राजदुतमा सिफारिस जीवनप्रकाश श्रेष्ठ, निवर्तमान डिआईजी दिनेश अमात्य यी त केही प्रतिनिधि नाम मात्र लिएको हुँ, यस्ता अन्य कयौं व्यक्तिले उहाँबाट शिक्षा लिएका छन् । यी र यस्ता स्वनामधन्य विशिष्ट व्यक्तित्व आफू बिबी सरको चेला भएकोमा कस्तो अनुभव गर्दा हुन् सम्बन्धितलाई नै थाहा होला । तर, बीबी सर भने आफ्ना चेलाको उन्नतिमा सदैव गौरव गर्नुहुन्थ्यो । आफ्नै चेलाको क्लिनिकमा गएर डाक्टरी शुल्क तिरेर जचाउनु पर्दा पनि प्रशन्न नै रहेको त म आफैंले देखेको छु ।

उहाँ शिक्षण दुःखी पेसा हो तर सन्तोष लिन सकियो भने जीवन सार्थक भएको महसुस हुन्छ भन्ने टिप्पणी गर्नुहुन्थ्यो । अर्थात्, एक योग्य शिक्षकमा हुने गुण सबै उहाँमा विद्यमान थिए । म धनकुटा जाँदा सदैव बिबी सरसित आशीर्वाद लिन पुग्थेँ । भेटघाटमा इतिहास, दर्शन, अध्यात्म र संस्कृति जस्ता

..........बाँकी ५ पेजमा

## रोचक प्रसंग

### कुम्भकर्णे बेहुला विहेमा पनि मस्त निदाईरहेका



भारतमा विवाहका क्रममा विभिन्न कार्यक्रमहरू हुन्छन् । यसमध्ये वरमाला एक हो । अहिले सामाजिक सञ्जालमा एउटा भिडियो भाइरल भइरहेको छ, जहाँ वरमालाको स्टेजमा फोटो खिचाउँदा खिचाउँदै थकित बनेका बेहुला निदाएका छन् ।

वरमालाको कुर्सीमा बस्दा बस्दै दुलाहा निदाएपछि त्यहाँ उपस्थित भएकाहरूले उनलाई उठाउने कोसिस गरेका छन् । तर, ती व्यक्तिहरूले उठाउन खोज्दा पनि उनको निन्द्रा खुलेन । उनी कुम्भकर्ण जसरी गहिरो निन्द्रामा थिए । उनीसँगै बसेकी दुलही भने ट्वाल्ल परेर यो सबै हेरिरहेकी छिन् ।

यो भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । र, मानिसहरूले बेहुलाको निन्द्राको कारण जान्ने कोसिस गरिरहेका छन् । भारतमा कोरोनाकालमा बिहेमा सहभागी हुनका लागि मानिसहरूलाई निश्चित कोटा तोकिएको छ । मापदण्डभन्दा धेरै संख्यामा पाहुनाहरु बोलाउन

..........बाँकी ५ पेजमा

### जंगलभित्र कारको जाम



बेल्जियमको दक्षिण भागमा अवस्थित एउटा घना जंगलमा पछिल्लो ७५ वर्षदेखि कारको भीषण जाम भैरहेको छ ।

जंगलभित्र कारको ट्राफिक जाम, त्यो पनि ७५ वर्षदेखि ! यो अपत्यारिलो तर सत्य घटनाको यथार्थ चाहिँ ऐतिहासिक नै छ ।

वास्तवमा उक्त ठाउँमा दोश्रो विश्वयुद्धदेखि नै कारको जाम लागिरहेको छ र एक प्रकारले कारको विशाल चिहानको रूपमा रहेको छ ।

घना जंगलभित्र रहेको उक्त च्याटिलन कार ग्रेभयार्डमा ७५ वर्षदेखि ठूलो संख्यामा कारहरु थन्किएका छन् । ती कारहरु जिर्ण भैसकेका छन् र कारमित्रैबाट रूखबिरूवा पलाउन थालिसके । फ्रान्स र बेल्जियमको सीमा क्षेत्रमा पर्ने च्याटिलन गाउँ नजिकै छ उक्त कार चिहान । जहाँ ५०० भन्दा बढी कार त्यसै थन्किर

..........बाँकी ५ पेजमा

### चिडियाखानाबाट हराएको अजिंगर रेस्टुरेन्टमा भेटियो

चिडियाखानास्थित आफ्नो अक्वेरियमबाट हराएको दुई दिनपछि १२ फुटको अजिङ्गरलाई सपिङ सेन्टरमा भेटिएको छ ।

डेली स्टारकाअनुसार कारा नामको १२ फुट लामो अजिङ्गर अमेरिकाको लुसियाना राज्यस्थित ब्लू जू अक्वेरियमबाट हराइरहेको थियो । चिडियाखानाबाट अजिङ्गर हराएपछि नजिकै रहेको सपिङ सेन्टर बाध्यात्मक रूपमा बन्द गरिएको थियो । दुई दिनसम्म खोजेपछि उक्त अजिङ्गरलाई गत बिहीबार बिहान सपिङ सेन्टरमा भेटिएको हो ।


चिडियाखानाले कारालाई उद्धार गरिरहेको भिडियो पोस्ट गर्दै यसबारे फेसबुकमार्फत् जानकारी दिएको हो । उक्त पोस्टमा अजिङ्गर सुरक्षित र स्वस्थ अवस्थामा भेटिएको बताइएको छ ।

'यो बर्मिज पाइथन निकै सहज सर्प हो । यी सर्प ठूला प्रजातिका सर्पमा पर्छन् र उनीहरूको निकै कोमल मन हुन्छ,' उक्त चिडियाखानाकी कर्मचारी भिक्टोरियाले भनिन् ।

'तपाई हाम्रो सचेतता, कोरोना भाइरस रोगको संक्रमण रोक्न अपनाऔं सतर्कता'



**कोरोना भाइरस कोभिड-१९** रोग स्वासप्रश्वासको माध्यमबाट सर्ने संक्रमण हो । संक्रमित व्यक्तिले खोक्दा र हाछ्यू गर्दा निस्कने थुक र सिगानको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा यो भाइरस सर्दछ ।




चाँगुनारायण नगर कार्यपालिका, भक्तपुर

# कोरोना संक्रमितहरूले गर्न नहुने १० गल्तीहरू

सुमित्रा लुईटेल

यतिबेला नेपालमा कोरोना भाइरसको संक्रमण तीव्र गतिमा बढीरहेको छ । योसँगै कोरोना संक्रमितले के गर्न हुन्छ के गर्न हुँदैन भन्ने विषयले आम मानिसमा अन्यौल र त्रास पैदा गरिरहेको छ । कोरोना संक्रमितहरूले गर्न नहुने गल्तीहरू के–के हुन् ? यस विषयमा जनस्वास्थ्यविद् डा. रविन्द्र पाण्डे (समिर) को सुझाव :



**१. डाक्टरको परामर्श बिना औषधी सेवन**

डाक्टरको परामर्श बिना सामान्य बाहेकका कुनैपनि औषधी सेवन गर्न हुँदैन । जथाभावि औषधी सेवन गर्दा स्वस्थ्यमा अर्को नकारात्मक असर गर्न सक्छ । त्यसैले आफुखुशी औषधी सेवन गर्ने गल्ती कोरोना संक्रमतले गर्नु हुँदैन ।

**२. धेरै आत्तिने**

कोरोना पोजेटिभ हुने बित्तिकै संक्रमितहरू धेरै आत्तिने र डराउने गर्छन् । तर त्यस्तो गर्न हुँदैन । डराउने र नकारात्मक कुराहरू सोच्दा झन् बिरामी कमजोर हुन्छन् त्यसैले यो गल्ती पनि गर्नु हुँदैन ।

**३. आत्मबल कमजोर पार्ने**

कोरोना संक्रमितले आत्मबल बलियो बनाउनुपर्छ । आत्मबल बलियो भयो भने त्यसले औषधीको काम गर्छ । तर, आत्मबल कमजोर बनायो भने संक्रमितलाई निको हुन समय लाग्न सक्छ ।

**४. आफुले प्रयोग गरेका सामानहरूको उचित व्यवस्थापन नगर्ने**

संक्रमितले प्रयोग गरेका सामानहरूको उचित व्यवस्थापन नगर्दा घरका अन्य सदस्यलाई कोरोनाको जोखिम बढी हुन्छ । त्यसैले यस्तो गल्ती पनि गर्नु हुँदैन । संक्रमितले प्रयोग गरेको मास्क, पन्जा तथा सामाग्रीहरूको उचित व्यवस्थापन गर्नु पर्छ ।

**५. आइसोलसनमा नबस्ने**

संक्रमित वा कन्ट्याक्ट ट्रेसिङमा परेका व्यक्तिहरू आइसोलेसनमा नबस्ने र परिवारको अन्य सदस्यको सम्पर्कमा आउने गल्ती गर्नु हुँदैन । लापरवाही गर्दा परिवारको अन्य सदस्यहरूमा पनि संक्रमण फैलन सक्छ ।

**६. लक्षणको बेवास्ता गर्ने**

सचेत नहुनु वा संक्रमणलाई बेवास्ता गर्नु आफैंमा ठूलो गल्ती हो, जसको लागि तपाईंको स्वास्थ्यले क्षतिपूर्ति तिर्नु पर्छ । सामान्य, अनौंठो लक्षण कोभिडको गम्भीर लक्षणहरूको जानकारी राख्नु पर्छ । लक्षणहरु गम्भीर रूपमा देखिए चिकित्सकको सल्लाह लिनु पर्छ । एलर्जी वा भाइरल होला भनेर पनि बेवास्ता गर्नु हुँदैन ।

**७. स्टेरोइड औषधिको सेवन गर्ने**

अक्सिजनको अलि–अलि कमी हुने बित्तिकै चिकित्सकको सल्लाह बिना स्टेरोइडको सेवन गर्नेहरू धेरै भेटिएका छन् । यो ठूलो गल्ती हो । यसको अनावस्यक सेवनले ब्लाक फंगस तथा ह्वाइट फंगस जस्ता समस्याहरू पनि हुन सक्छ ।

**८. गम्भीर अवस्था भइसक्दा पनि अस्पताल जान आनाकानी गर्नु**

गाह्रो भएको अवस्थामा पनि भोलि पर्सी अस्पताल जाउँला भनेर हेलचेक्राइँ गरेर बस्नु हुँदैन । यस्तो गर्दा अवस्था अझ बिग्रन सक्छ त्यसैले गाह्रो भएको छ भने तुरून्त अस्पताल गइहाल्नु पर्छ ।

**९. एन्टिबायोटिक र पेनकिलरको सेवन गर्ने**

होम आइसोलेसनमा बस्दा कति संक्रमितले विभिन्न प्रकारको एन्टिबायोटिक र दुखाई कम गर्न पेनकिलरहरूको सेवन गर्छन् । यस्तो पेनकिलर र एन्टिबायोटिकको सेवनले संक्रमितको रोगप्रतिरोधात्मक क्षमता घटाउँछ । त्यसैले यस्ता औषधिको पनि प्रयोग गर्नु हुँदैन ।

**१०. पोस्ट कोभिड सिम्टम्सको बेवास्ता गर्ने**

कोरोना संक्रमित भएर निको भइसकेका व्यक्तिहरूमा पछि पनि पोस्ट कोभिड लक्षणहरू देखिन सक्छ । त्यसलाई वास्ता नगरेर निको भइसके म भनेर हेलचेक्राइँ

..................बाँकी ५ पेजमा

# स्वर्गिय पत्रकारद्वयको सम्झना श्रद्धाञ्जली सभा



विराटनगर । अग्रज पत्रकार एवं विराटनगर प्रेस क्लवका संस्थापक अध्यक्ष जीवेश्वर लाखे र पत्रकार सुरेश निरौलाको निधन भएको सम्झनामा नेपाल पत्रकार महासंघ मोरङले श्रद्धाञ्जली सभा आयोजना गरेको छ ।

श्रद्धाञ्जली सभामा प्रादेशिक सञ्चार प्रतिष्ठान प्रदेश १ का कार्यकारी निर्देशक यज्ञ शर्माले नेपाली पत्रकारितालाई जीवनता प्रदान गराउन लाखेले ठूलो भूमिका खेलेको बताए ।

यस्तै नेपाल पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लिलाबल्लभ घिमिरेले पत्रकारिता क्षेत्रको विकासमा दुवै पत्रकारले निर्वाह गरेको भूमिका उल्लेख गर्दै पत्रकारद्वयको निधनले विराटनगरको पत्रकारिता क्षेत्रमा ठूलो क्षति पुगेको बताए ।

सभामा मोरङका अध्यक्ष संजीव खनाल, सल्लाहकार शंकर खरेल, नेपाल पत्रकार महासंघ मोरङका पूर्व अध्यक्ष शिवबहादुर कार्की, अग्रज पत्रकार रामरिजन यादव, प्राध्यापक चक्रपाणि खनालले पत्रकारद्वय स्व. लाखे र निरौलाले पत्रकारिता क्षेत्रमा गरेको योगदानको स्मरण गरेका थिए ।

श्रद्धाञ्जली सभा कार्यक्रममा जीवेश्वर लाखेको बारेमा पूर्व पत्रकार जनार्दन निरौला र सुरेश निरौलाका बारेमा महासंघ मोरङ सल्लाहकार शंकर खरेलले प्रकाश पारेका थिए । लाखेको असार २१ र निरौलाको असार ३० गते निधन भएको थियो ।

# साउनमा हरियो, पहेलो चुरा र मेहेन्दी किन लगाइन्छ ?

**डा. गुरुप्रसाद सुवेदी**

साउनमा महिलाहरूले हरियो चुरा र मेहेन्दी लगाउने प्रचलन छ । त्यसैले साउन महिना सुरू भएसँगै हरियो, पहेंलो पहिरन, हातमा मेहेन्दी र चुरा लगाएका महिलाहरूको चहलपहल बाटोघाटो तथा मठमन्दिरमा देखिन्छ । साना–साना बालिकादेखि युवतीहरू पनि साउनमा हरियो चुरा र मेहेन्दी लगाउन उत्साहित हुन्छन् । तर, साउनमा हरियो पहिरन चुरा मेहेन्दी किन लगाइन्छ ? भन्ने कुराको जानकारी धेरैलाई नहुन सक्छ ।

साउन प्रकृतिले नयाँ स्वरूप परिर्वतन गर्ने समय हो । प्रकृतिमा हरियो पन आउने भएकोले आफूलाई पनि प्रकृतिसँग अनुकुल गराउन हरियो पहिरन लगाउने हरियो बोटबिरूवाहरूको पातबाट विभिन्न श्रृंगारको सामानहरू बनाएर लगाउने चलन परापुर्व कालदेखि रहँदै आएको छ । अर्को कुरा साउन महिना भगवान् शिवको एकदम प्यारो महिना भएकाले पनि बेल पत्र तथा अन्य सामाग्रीहरूबाट पुजा गरिन्छ । त्यसैले पनि हरियो रंग लगाउने चलन छ ।

भगवान शिवलाई कुनैपनि वैभव चाहिँदैन त्याग प्रवृति भएपुग्छ । त्यसैले म पनि सबै कुरा त्यागेर शिवको चरणमा जाँदै छु भन्ने अर्थमा पहेँलो वस्त्रको प्रयोग गरिने चलन चल्दै आएको छ । प्राकृतिक जडिबुटीहरूको लेप हाम्रो शरीरको स्वस्थको लागि अनुकुल हुने भएकाले मेहेन्दीको बिरूवालाई पिसेर हात तथा कपालमा लगाउने चलन पहिले देखिकै हो । एकातिर श्रृंगार र अर्कातिर स्वास्थ्यका लागि पनि अनुकुल हुने भएकोले मेहेन्दी लगाउने चलन छ ।

यसरी हरियो रंग र मेहेन्दीको प्रयोगले प्रकृतिसँग नजिक गराउने र पहेँलोले भगवान शिव प्रतिको त्याग देखाउने भएकोले साउन महिनामा हरियो पहेँलो कपडा, मेहेन्दी र चुरा लगाउने चलन बढेको हो । हरिया, पहेँला बस्त्र तथा गरगहना लगाएर भगवान् शिवको पुजा आरधना गर्दा मनोकांक्षा पुरा हुने धार्मिक मान्यता छ । अर्को कुरा, हातमा लगाएको मेहेन्दी जति गाढा रंगको हुन्छ श्रीमान वा प्रेमीको माया उति नै बढी पाइन्छ भन्ने धार्मिक विश्वास पनि छ । *संस्कृतिविद्*

# विनायो प्रतियोगिता सम्पन्न

धनकुटा । किराँत राई साँस्कृतिक कलाकार संघले विश्वव्यापी रूपमा आयोजना गरेको अनलाइन कोङकोङमा (विनायो) वादन खुल्ला प्रतियोगिता सम्पन्न भएको छ । पहिलो पटक आयोजना गरिएको सो प्रतियोगितामा झापाका बलबहादुर राई प्रथम, खोटाङकी पम्फा खालिङ राई द्वितीय र ओखलढुङ्गाकी जीतुमाया राई तृतीय भएका छन् ।

प्रतियोगितामा झापाकी मन कुमारी राईले सान्त्वना पुरस्कार पाएका छन् । सो कार्यक्रममा प्रतियोगीमध्ये जन्तेदुङग गाउँपालिका वडा नं. ६ आहाले खोटाङकी ९५ बर्षिय विष्णुमाया राई र हलेसीतुवाचुङ नगरपालिका ५ खोटाङकी ९२ बर्षिया देशलक्ष्मी राईलाई ज्येष्ठ नागरिक सम्मानबाट नगद ५ हजार रूपैया सहित सम्मान गरिएको थियो ।

प्रतियोगितामा नेपाल लगायत विभिन्न देशका १ सय ११ जनाले सहभागिता जनाएका थिए । बरिष्ठ गायक, संगितकार तथा साहित्यकार गणेश रसिक राईको प्रमुख आथिथ्यमा सम्पन्न फाइनल प्रतियोगिताको परिणाम सार्वजनिक गरिएको थियो । बरिष्ठ गायक तथा संगितकार जितेन राईको संयोजकत्वमा गठित निर्णायक मण्डलका सदस्यहरू किराँत राई साँस्कृतिक कलाकार संघका पूर्व अध्यक्ष पार्वती राई र निवर्तमान अध्यक्ष राजु एन राईको टिमले नतिजा घोषणा गरेका थिए ।

संघका अध्यक्ष रामकर राईले लोपोन्मुख अवस्थामा रहेको पूर्खाको नासोलाई युवा पुस्तामा हस्तान्तरण गर्नु, कोङकोङमा बाजालाई प्रबर्द्धन गरी दस्तावेजीकरण गर्दै विश्वमा चिनाउनु, कोङकोङमा किराँती समुदायको सभ्यतासँग नजिक रहेको र यसलाई हाम्रा पुर्खाले अपनत्व कायम गर्दै आएको भन्ने दावी गर्न संघले कार्यक्रमको आयोजना गरेको बताए । उपाध्यक्ष तथा कार्यक्रम संयोजक रोशन चाम्लिङ राईले यो बाजा कुन उमेर समूहमा लोकप्रिय छ भन्ने विषयमा अध्ययन अनुसन्धान गर्न, कोङकोङमा धुनलाई डकुमेन्टेसन गर्न र कोङकोङमा बाजाको प्याटेन राइटको अधिकार प्राप्त गर्ने

..................बाँकी ५ पेजमा



राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सेवा ईकाई
छथरजोरपाटी गाउँपालिका, धनकुटाको सूचना
सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि कार्तिक मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।
तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू र अरुलाई बचाउने ?




वडाध्यक्ष : भरत थापा
महालक्ष्मी नगरपालिका
वडा नं. ३ वडा कार्यालय परिवार

## स्थानीय ......

दल विभाजन भएमा वा समर्थन दिएका दलले समर्थन फिर्ता लिएमा भने विश्वासको मत लिनुपर्छ । 'विश्वासको मत पाएनन् भने, अब सरकार बन्ने विकल्प नभएकाले प्रतिनिधि सभा विघटन गरेर ६ महिनाभित्र निर्वाचन गर्न राष्ट्रपति लाई सिफारिश गर्न सक्छ ।

संविधानको धारा ७६ (५) मा प्रतिनिधि सभा सदस्य प्रधानमन्त्री बनेका देउवालाई अब समर्थन दिएका दलका सांसदले समर्थन फिर्ता लिएमा वा अविश्वास प्रस्ताव ल्याएमा भने संसद पूर्ण कार्यकाल रहँदैन र उनले ६ महिनाभित्र निर्वाचन गर्नुपर्छ ।

विश्वासको मत लिनेक्रममा प्रधानमन्त्री देउवाले राष्ट्रिय सहमतिको सरकारमा जोड दिएका थिए । उनले मन्त्री बनाउने सूची तयार गरेर सरकारमा सहभागी हुन पनि दलहरूलाई आह्वान गरे । उनले विपक्षी दलहरूको माग र भावना समेट्ने बताए ।

प्रधानमन्त्री देउवाले अहिलेको संकटपूर्ण समयमा राष्ट्रिय सहमतिको सरकार बनाउन आफु तयार रहेको बताए । उनले भने एमाले सरकारमा सहभागी नभए पनि सहकार्य गरी अघि बढौँ ।

**यी हुन् देउवालाई विश्वासको मत दिने एमालेका २२ सांसद**

सर्वोच्च अदालतले गत असार २८ गते देउवालाई संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेश जारी गरेको थियो । सोहि प्रावधानअनुसार शेर बहादुर देउवालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा सपथग्रहण गराईन् ।

यसरी धारा ७६(६) बमोजिम प्रधानमन्त्रीमा नियुक्त भएको ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको लिनुपर्ने प्रावधान छ । सोही प्रावधानअनुसार देउवाले आइतबार प्रतिनिधि सभाको पहिलो बैठकमै विश्वासको मत लिएका हुन् ।

प्रतिनिधि सभामा सरकारले विश्वासको मत प्राप्त गर्न १ सय ३६ सांसदको समर्थन चाहिन्थ्यो । जसपाको महन्थ ठाकुर (१३ जना सांसद समूह) समेत देउवालाई विश्वासको मत दिए । त्यस्तै देउवालाई एमालेका २२ सांसदले पनि मत दिएका थिए ।

**देउवालाई विश्वासको मत दिने एमाले सांसदहरु**

माधवकुमार नेपाल, विरोध खतिवडा, रामकुमारी झाँक्री, कल्याणी खड्का, जीवनराम श्रेष्ठ, पार्वती विशुंखे, मेटमणि चौधरी, प्रेमबहादुर आले, भवानी खापुङ, निरादेवी जैरू, मुकुन्द न्यौपाने, कलिला खातुन, हिरा केसी, कृष्णकुमार श्रेष्ठ, किसान, गोपाल बम, धनबहादुर बुढा, सविना हुसेन, कृष्णलाल महर्जन, पुष्पाकुमारी कर्ण विना बुढाथोकी, सरला यादव, र लक्ष्मी चौधरी रहेका छन् ।

**यो जनताको जित भएको छ : माधव नेपाल**

प्रधानमन्त्री देउवाले विश्वासको मत प्राप्त गरेपछि एमाले वरिष्ठ नेता माधवकुमार नेपालले यसलाई जनताको जित भएको भनि टिप्पणी गरेका छन् । संसद भवनबाट बाहिरिने क्रममा उनले यस्तो बताएका हुन् ।

## पत्रकार ......

एको राईले बताए ।

उनको स्वास्थ्य अवस्था बुझ्न पत्रकार महासंघका अध्यक्ष नगेन्द्र राई, पूर्व अध्यक्ष राजेश्वरबहादुर श्रेष्ठ, उपाध्यक्ष विदुर खवास, सहसचिव पूर्णकुमार चौधरी लगायत पत्रकारहरूले सहजीकरण गर्दै पूर्व अध्यक्ष बान्तवास्वास्थ्य लाभको कामना गरेका छन् ।

सोही क्रममा कांग्रेस जिल्ला सचिव राईले कोभिड आकस्मिक कक्ष र आईशोलेसन सेन्टरमा उपचाररत कोरोना संक्रमित विरामी को स्वास्थ्यअवस्थाको वारेमा उपचारमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरूसँग जानकारीसमेत लिएका थिए ।

यस्तै रेडियो भेडेटारका पत्रकार माधव गुरागाई पनि कोरोना संक्रमित भई आईशोलेशनमा उपचाररत रहेका रेडियोका स्टेशन मेनेजर पूर्ण चौधरीले बताए ।

## १५ आरोपित ......

तामाङ, खेम बरूवाल, रवी पौडेल थिए । यस्तै नेकपा माओवादी केन्द्र पाख्रीवासका सचिव बलराम खड्का, मानबहादुर राई, बाबुराम थापालगायत १५ जनालाई जिल्ला प्रशासन कार्यालयमा हाजिर भई धरौटीमा छुटेकाले उनीहरूलाई बधाई दिदै स्वागत तथा सम्मान गरेको हो ।

प्रशासन कार्यालयमा बयान दिएर धरौटीमा छुटेका नेताहरूलाई कार्यालय परिसरमा कांग्रेसका जिल्ला सचिव विजयसन्तोषी राई, कोषाध्यक्ष दिनेश राई, जिल्ला सदस्य ज्ञानबहादुर गुरूङ, महासमिति सदस्य घनेन्द्रराज श्रेष्ठ, मिन कार्की, नेकपा माओवादी केन्द्रका अध्यक्ष ऋषिराम ढुंगाना, नेकपा एमाले माधव समूहका अध्यक्ष अर्जुन राई, महिला संघका उपाध्यक्ष अम्विका धमला, मदन घिमिरे, मनिष राई, नेकपा माओवादी केन्द्रका नेताहरू हेमचन्द्र किराती, शर्मिला राई, नयन श्रेष्ठलगायतले खादा माला अविर लगाई स्वागत गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद पन्थले उनीहरूलाई जनही ४० हजार रूपैया धरौटीमा तारेख मा छाड्ने निर्णय गरेको हो । पूर्वमन्त्री तथा नेपाली कांग्रेसका सहमहामन्त्री सुनिलबहादुर थापाको पाख्रीवास ८ मुगाको जग्गा धरौटी राखी उनीहरू छुटेको कांग्रेस सचिव राईले जानकारी दिए ।

सो अवसरमा सचिव राईले सत्ताको दम्भले प्रतिपक्षीलाई फसाउन खोजेको आरोप लगाए । उनले आफु अनुकुल वजेट ल्याउन खोजेपछि जनताले विरोध जनाउँदा नगर प्रमुखलगायत जनप्रतिनिधि हरूले जनता माथि दुर्व्यवहार गरेको तर उल्टै चार सत्ता उन्मादले राजनीतिक दलको गठवन्धनका १५ नेताहरूले अभद्र व्यवहार तोडफोड गरेको भन्दै प्रहरी कार्यालयमा नगर उपप्रमुख देवकला पौडेल तिम्सिनाले मुद्धा दर्ता गराएकी भन्दै आरोप लगाए ।

रिहा भएका नेताहरूको नेपाली कांग्रेस पार्टी कार्यालयमा स्वागत कार्यक्रमको आयोजना गरेको थियो । पार्टीका जिल्ला सभापति अग्नी प्रसाद पौडेलको अध्यक्षमा सम्पन्न कार्यक्रममा सभापति पौडेल, प्रदेश सांसद लिला सुब्बा, उपसभापति नवीनकिशोर शाक्य, नेकपा माओवादी केन्द्रका अध्यक्ष ऋषिराम ढुंगाना, जसपाका अध्यक्ष बलबहादुर राईलगायतले खादा माला लगाई स्वागत गरेका थिए । कार्यक्रमको उद्देश्यमाथि जिल्ला सचिव राईले प्रकाश पारेका थिए भने जिल्ला सदस्य गुरूङ्ग र पाख्रीवास नगर सभापति भण्डारीले घटनाका वारेमा जानकारी दिएका थिए ।

त्यस्तै नेपाली कांग्रेस पाख्रीवास नगर कार्य समितिले पाख्रीवास बजारमा स्वागतसभा गरी १५ जना नेताहरूलाई बधाई ज्ञापन गर्दै स्वागत गरेको छ । नेपाली कांग्रेस पाख्रिवास नगर संयोजक ज्ञान बहादुर गुरूङ्गको अध्यक्षतमा सम्पन्न भएको थियो । कार्यक्रममा पाख्रिवास बजार क्षेत्रका जनताले जनताको पक्षमा आन्दोलन गर्दा गर्दै झुठा मुद्धा लागी धरौटीमा छुटेका भन्दै १५ जना नेताहरूलाई खादा माला तथा अविर लगाएर बधाई दिदै स्वागत गरेका थिए । सभामा वक्ताहरूले सो घट्नामा जनताले विजय प्राप्त गरेको र ओली पक्षीय जनप्रतिनीधिहरू पराजित हुदै गएको बताए । सभाको सञ्चालन तरूण नेता दिपेश थापाले गरेका थिए ।

## प्रमुख ......

तपाईकै घरमा गाडी नआउने, के खाएर बस्नु भएको छ यत्रो दिन ? नाटक गर्नुहुन्छ ? कति नेगेटिभ तपाई ? तपाईको वडाध्यक्षलाई भन्नुस् तपाईको घरमा पानी आँउदैन भने घर छोडेर जानुस् भन्नु भयो', उनले भनिन्, । 'जहिले नेगेटिभ तपाई फेरि फोहोरको गाडी आँउदैन भने घर छोडेर जानुस् अहिले नै गइहाल्नुस् ।' भनेको बताईन् ।

शंकर राष्ट्रिय जनमोर्चा जिल्ला सचिव तथा दलित एकता समाजकी संयोजक समेत हुन् । सो पत्रकार सम्मेलनमा शंकरले आफु नगर प्रमुखको गालीले मानसिक तनावसँगै दुःखी भएको र आत्मसम्मानमा नै चोट पुगेको बताईन् । उनले नगर प्रमुखले गरेको गालीगलौजप्रति सार्वजनिक रूपमा माफी माग्नुपर्ने अन्यथा न्यायका लागि माथिल्लो निकायसम्म जाने चेतावनी दिइन् ।

यता नगर प्रमुख तामाङले भने आफुले त्यस्तो कुनै धम्की नदिएको बताएका छन् । उनले जनताको गुनासो सुन्नु पर्ने र समाधान गर्नुपर्ने आफ्नो दायित्व रहेको बताए ।

## मुख्यमन्त्री ......

उनले यो सम्पर्क कार्यालय र स्वास्थ्य निर्देशनालयमा समय दिँदै आएका थिए । तर, फागोको गत बैशाखमा सरूवा भएपछि कार्यालय प्रमुखविहीन बनेको छ। प्रदेशको राजधानी विराटनगरबाट करिब ९० किलोमिटर दूरीमा रहेको यो सम्पर्क कार्यालयमा हाल कार्यालय प्रमुख समेत छैनन् ।

कार्यालय स्थापना भएपनि सेवा प्रवाह नहुदाँ स्थानीयले धोका दिएको भन्दै गुनासो गर्दै आएका छन् । प्रदेश सरकारले सबै सेवा धनकुटाबाट उपलब्ध गराउनु पर्ने स्थानीय दिनेश राईको भनाइ छ। प्रदेश सरकारले साविक क्षेत्रीय सदरमुकाम रहेको धनकुटालाई बेवास्ता गरेको राईले बताए । 'धनकुटाको ऐतिहासिकतालाई प्रदेश सरकारले स्वीकार्न नसकेर सुरूमा ल्याएका योजना समेत कटौती गरेको छ', उनले भने 'धनकुटालाई फकाउन शिक्षण अस्पताल र सम्पर्क राजधानी तोकिए तर, शिक्षण अस्पताल यो पटकबाट हराइसक्यो अब यो सम्पर्क राजधानी पनि कहिले हराउने थाहा छैन ।'

कार्यालयले के काम गर्ने भनेर कुनै अधिकार नदिएकाले प्रदेश सरकारका लागि आएका निवेदन मुख्य कार्यालयमा पठाउने काम मात्र भएको कार्यालयका नायब सुब्बा केशव कोइराला बताए । उनले सम्पर्क कार्यालय खोलेपछि मुख्यमन्त्री राई दुईपटक कार्यालय आएको आफूलाई जानकारी र हेको बताए । 'मुख्यमन्त्रीको सम्पर्क कार्यालय भएकै कारणले होला, प्रदेश सरकारका मन्त्रीहरूको आवागमनसमेत हुने गरेको छैन,' कोइरालाले भने । उनका अनुसार विगत तीन महिनादेखि कार्यालय नै प्रमुखविहीन अवस्थामा छ ।

कुल पाँच जनाको अस्थायी दरबन्दी रहेको सम्पर्क कार्यालयमा हाल नासु कोइराला र एक कार्यालय सहयोगी गरी दुईजना कर्मचारी मात्र कार्यरत छन् । मुख्यमन्त्रीको सम्पर्क कार्यालयको सुरक्षार्थ नेपाल प्रहरीका पाँचजना प्रहरीले पहरा दिँदै आएका छन् ।

यो सम्पर्क कार्यालय बनाए पनि कुनै उपलब्धी पाउन नसकेको सत्तापक्षकै प्रदेशसभा सदस्य इन्द्रमणी पराजुलीले बताए । 'धनकुटालाई सम्पर्क राजधानी भनेर मुख्यमन्त्रीको कार्यालय खोलियो,' उनले भने, 'हामी धनकुटेली जनता त्यो बेला उत्साहित भएका थियौं तर बिडम्बना, सम्पर्क कार्यालय कार्यकारी होइन रहेछ ।' मुख्यमन्त्री नै सम्पर्क कार्यालय जान समय निकाल्न नसक्ने हो भने सो कार्यालयको के औचित्य रह्यो भन्ने उनको प्रश्न छ । आफूहरूले मुख्यमन्त्रीसँग यस विषयमा कुरा गरेको र मुख्यमन्त्री राईले भने सम्पर्क कार्यालय खोलिएपछिका दिनमा कोरोना कहर बढेकाले आउन नपाएको जिकिर गरेको जानकारी दिए । 'मुख्यमन्त्री राईले जुन उद्देश्यका लागि कार्यालय खोलेको हो, त्यो उद्देश्य पूरा पर्न सरकार प्रतिबद्ध रहको बताएका छन् ।' पराजुलीले भने 'उहाँले झुक्याउन नभइ काम गर्न कार्यालय स्थापना गरेको बताए ।'

नेकपा माओवादी केन्द्रकी प्रदेशसभा सदस्य कुसुमकुमारी श्रेष्ठले पनि मुख्यमन्त्रीको बोली र व्यवहारमा फरक देखिएको बताइन । उनले धनकुटालाई राजधानी बनाउनुपर्ने माग उठेपछि ५ सय शैयाको शिक्षण अस्पताल र सम्पर्क राजधानी बनाउने निर्णय प्रदेश सर कारले गरेको स्मरण गराइन । उनले धनकुटामा राजधानी बनाउन नसक्ने अवस्था आएपछि सम्पर्क कार्यालय कामकाजी बनाउने र शिक्षण अस्पताल निर्माणको काम गरिने भनेको भएपनि तुहाउने काम गरेको बताइन् । 'यहाँ मुख्यमन्त्रीको सम्पर्क कार्यालयको बोर्ड झुण्ड्याउने काम मात्र भएको छ,' प्रदेशसभा सदस्य श्रेष्ठ भन्छिन ।, 'मुख्यमन्त्री नै नआउने कार्यालयको औचित्य छैन ।' सुविधा सम्पन्न सरकारी भवनलाई बेवारिसे बनाउने काम मुख्यमन्त्रीबाट हुनु दुर्भाग्यपूर्ण र हेको उनको भनाइ छ । उनले मासिक साढे ३ लाख भाडा तिरेर काठमाण्डौमा सम्पर्क कार्यालय खोलिनु तर, सरकारी भवनको यो सम्पर्क कार्यालयमा मुख्यमन्त्री नजानु दुर्भाग्यपूर्ण रहेको बताइन् ।

देशमा संघीयता आउनुअघि तत्कालीन पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय रहेको भवनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सम्पर्क कार्यालय स्थापना गरिएको थियो।

धनकुटा बहुमुखी क्याम्पसका पूर्व प्राध्यापक ठाकुरप्रसाद बरालले गाउँ गाउँमा सिंहदरबार भनिएपनि राजनीति र प्रशासनिक नेतृत्वले अधिकार आफैँमा राख्ने चाहनेले यो समस्या आएको बताए । उनले राजनीति र प्रशासनिक नेतृत्वमा संघीयताको ज्ञान नभएको भन्दा पनि सुविधाभोगी भएको जिकिर गरे । उनले आफूमा अधिकार आएपछि संघीयता आएको र शक्ति विकेन्द्रीकरण रहेको देख्ने दृष्टिदोषको कारणले सम्पर्क कार्यालय काम बिहीन भएको बताए । बरालले प्रदेश सरकार धनकुटेली जनतालाई झुक्याउन गरिएको एउटा नाटक मात्रै भएको बताए ।

## ओली सरकार ......

भूमिकामा तल्लीन हुनु ।

४४. पार्टीले तय गरेको प्रणाली, विधि र निर्णयअनुसार काम नहुनु र प्रमको पद सुरक्षित भए मात्र सिङ्गो एमाले सुरक्षित हुन्छ भन्ने कुतर्क गर्दै पदका लागि जे जस्तो सम्झौता पनि गर्न पछि नपर्नु ।

४५. पार्टी निरन्तर वैचारिक, सांस्कृतिक र व्यावहारिक भ्रष्टीकर णको दिशामा फस्दै जानु ।

४६. निजी सल्लाहकार वा किचेन क्याबिनेटका कुरामा मात्र अतिशय विश्वास गर्नु, बाहिरको जनमत र परिस्थितिलाई बुझ्न नसक्नु ।

४७. कामभन्दा बढी प्रचारमुखी र सस्तो लोकप्रियता कमाउन खोज्नु ।

४८. सरकारको कार्यशैलीप्रति विपक्षी दलहरु र आफ्नै पार्टीका नेताहरूको विश्वास घट्दै र आक्रोश बढ्दै जानु ।

४९. सल्लाहकारहरूले उचित समयमा उपयुक्त सल्लाह दिन नसक्नु।

५०. मुलुकको संविधानको मर्म र कानूनका प्रावधान बारेको विज्ञतामा कमि देखिनु ।

अन्त्यमा, ओली सरकार अल्पायुमा ढल्नुको सबैभन्दा ठूलो दोष नेतृत्वकर्ताको हैसियतले उनी आफैंले लिनैपर्छ । देशमा राज नीतिक स्थायित्वको लागि व्यक्तिगत रूपमा केही त्याग गरेर भए पनि कम्तीमा पाँच वर्ष सरकार टिकाउन सक्नुपर्थ्यो ।

केपी ओलीले समयमै बुद्धिमत्ता पूर्वक निर्णय लिएको भए न पार्टी फुट्थ्यो न सरकार गुम्ने अवस्था नै । यस अर्थमा केपी शर्मा ओलीलाई एउटा सफल राजनीतिज्ञ को कित्तामा समेट्न सकिंदैन ।

तर 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा अघि सारेका ओलीले देशलाई त्यस दिशामा डोऱ्याउनका निम्ति केही राम्रा प्रयासहरु भने गरेकै हुन् । राष्ट्र भाव देखाएका ओलीका राम्रा र नराम्रा कामको यथार्थ मूल्यांकन भने भविष्यले नै गर्नेछ । यतिखेर लाई यत्ति भन्न सकिन्छ कि मूलतः ओली आफ्नै खुट्टामा अल्झेर लडेका छन् । अन्य बाह्य कार णहरु भने सहायक हुन् । (*ज्ञवाली स्पन्देहीका शैक्षिक अगुवा हुन् ।*)

## वीवी सर ......

विषयमा चर्चा-परिचर्चा हुन्थ्यो । हामीसितको संवादमा उहाँले घर व्यवहारका कुरा कहिल्यै गर्नुभएन । सरस्वतीका भक्त भएकै कारण होला लक्ष्मी भने कहिल्यै उहाँको नजिक भइनन् । सन्तोषम् परम सुखम् तथा सादा जीवन उच्च विचार जस्ता सूक्ति कसैसित मेल खान्छन् भने त्यो बिबी सरसित नै हो । धनकुटामा जन्मेर आजन्म धनकुटामै बसी शिक्षा सेवा गर्ने धर्तीपुत्र बिबी सरको योगदान चिर स्थायी बनाउन उहाँका हामी जस्ता सबै चेलाले जाँगर चलाउनुपर्ने बेला आएको छ ।

ठाकुर बराल लेख्नुहुन्छ, 'बिबी सर भनेपछि धनकुटामा नचिन्ने मानिस कोही छैन तर उनलाई चिन्ने मानिस खोज्यो भने भेट्न पनि मुस्किल छ ।'

धनकुटालाई पूर्वकै शैक्षिक केन्द्र बनाउन बिबी सरको ठूलो योगदान रहेको छ । अब उहाँ भौतिक रूपमा हामी बीच हुनुहुन्न तर सम्झनामा सदासर्वदा रहिरहनु हुनेछ । यस्ता पूजनीय गुरूप्रति हार्दिक श्रद्धाञ्जली !

## कुम्भकर्ण ......

पाइदैन । त्यहीकारण मानिसहरूले अनलाईन वा युट्युबमै बिहेका भिडियोहरु हेरेर टिप्पणी गर्न थालेका छन् । र, अहिले पुराना भिडियोहरु पनि भाइरल हुन थालेका छन् । *एजेन्सी*

## जंगलभित्र ......

हेका छन् वर्षौंदेखि । त्यहाँ कार हरू सडकमा ट्राफिक जाममा परे जस्तै गरी थन्काइएका छन् । जाममा परेको बेला ठूलो प्रलय भएर जहाँको त्यही अड्किएजस्तै ।

उक्त ठाउँमा त्यति धेरै कार कसरी आए ? र कसरी थन्किए ? भन्ने कुरा रहस्यकै रूपमा रहेको छ । तर कतिपयको भनाइ अनुसार दोश्रो विश्वयुद्धका बेला त्यहाँ खटिएका अमेरिकी सेनाले ती कार ल्याएर जम्मा गरेका हुन् ।

अमेरिकी सेनाले चर्को कर तिर्नु नपरोस् भन्नका लागि ती कारहरू जंगलभित्र लगेर लुकाएका थिए । युद्ध समाप्त भएपछि अमेरिकी सेनाले ती कारहरू अमेरिका नै लैजान चाहन्थे तर युद्ध समाप्तीसँगै कारहरू त्यहाँबाट लगिएनन् । जसका कारण जंगलभित्र वर्षौंदेखि कारको चिहान बनिरहेको छ । *एजेन्सी*

## कोरोना ......

गर्नु हुँदैन । त्यसैले चिकित्सकको सल्लाह लिएर त्यसको पनि उपचार गर्नुपर्छ । नत्र त्यही घातक बन्न सक्छ । *मेरो लाईफस्टाइल*

## विनायो ......

अभियानको रूपमा यो कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा संस्थापक अध्यक्ष जितेन राईले कोङकोङमा सम्बन्धि अवधारणा पत्र प्रस्तुत गरेका थिए भने विशेष अतिथि किराँत राई यायोक्खाका केन्द्रीय महासचिव जनक राई, अक्षयकोषदाता युवाराज राई, यायोक्खा बाग्मती प्रदेशका संयोजक सुमन राई, बम्बुले राई समाजका अध्यक्ष गजुरधन राई, प्रदेश नं १ का प्रदेश सदस्य विनादेवी राई र सचिव सुरज मेवाहाङ राईलगायतका बक्ताहरूले मन्तव्य राखेका थिए ।

कार्यक्रममा संघका उपाध्यक्ष सालिक शतासक राईले स्वागत मन्तव्य राखेका थिए ।

## बाख्रा ......

स्तर सुधार हुदै गईरहेको समेत बताए । बाख्रापालन व्यावसायिक रूपमा गर्न सके समृद्धि हाँसिल गर्न सकिने उनले भने ।

सो अवसरमा सांसद राईले सबै कृषकलाई व्यावसायिक रूपमा कृषि क्षेत्रमा लाग्न आग्रह गरे । उनले घरका सानो गोठ तथा खोरमा दुई वटा बाख्रा, एउटा बोका, एउटा गाई पालेर, तीन महिना पनि खान नपुग्ने मकै खाद्यान्न उत्पादन गरेर व्यवसायी बन्न नसक्ने बताए । उनले कृषकहरू जबसम्म अत्पादन गरेर बेच्न सक्दैन, व्यावसायिकतामा लागेर बृहत् रूपमा उत्पादन गर्दैन तबसम्म कृषक स्वरोजगार र धनि बन्न नसक्ने बताए ।

त्यस्तैगरी कार्यक्रमा पालिका अध्यक्ष मनोज राईले हाल गर्दै आएको निर्वाहमुखी कृषि प्रणालीलाई बदल्न सहिदभूमिको समृद्धीका लागि गााउँपालिकाले बृहत् रूपमा पकेट तथा प्याकेजका कार्यक्रम सहित व्यावसायिक कृषि पेशा अगाडि बढाईरहेको जानकारी दिए । गाउँको जग्गा बाँझो राखी विदेशीको गलामी गर्न जाने परिपाटी बदली आफ्नै गाउँमा कृषि उत्पादनमा लाग्न आग्रह गरे । उनले पालिकाले जनताको जीवनस्तर सुधार्नका लागि कृषकलाई चाहिने कृषिजन्य सामग्री, मल वीउ, प्राविधिकको व्यवस्था गरिरहेको बताए ।

कार्यक्रमको वारेमा सफाईटार जल उपभोक्ता संगठनका अध्यक्ष सोमनाथ खड्काले जानकारी गराएका थिए । उनले कार्यक्रमका लागि प्राप्त रकम कुन कुन शीर्षकमा खर्च गरियो भनि स्पष्ट पारेका थिए । कार्यक्रमको सञ्चालन सचिव दुर्गा खड्काले गरेका थिए ।

## खोकुमा......

लाख १० हजारमा सात रोपनी जग्गामा ५ बेडको खोकु प्राथमिक अस्पताल निर्माण भइरहेको पालिकाले जनाएको छ ।

निर्माण भइरहेको अस्पताल भवनको संघीय सांसद राजेन्द्र राई, पालिका अध्यक्ष मनोज राई, प्रमुख प्रशासकीय अधिकृत राज कुमार शाक्य, जिल्ला समन्वय समितिका सदस्य शिब आङ्ला लगायतले अनुगमन तथा निरीक्षण गरेका थिए ।

## धनकुटामा ......

खरिद गरी वितरण गरिएको कुरा युवानेता तथा अध्यक्ष विजु राईले जानकारी दिए ।

सताको क्लिक



**पत्रकारलाई फेलोसिप प्रदान :** कोरोनाबाट संक्रमित तथा मस्यामा परेका पत्रकारहरुलाई प्रदेश नं. १ सरकारबाट प्राप्त सहयोग बापत फेलोसिपकालागि प्राप्त रकम वितरण गरिदै । तस्वीर : विजयशेखर श्रेष्ठ ।

# नयाँ समितिलाई जिम्मेवारी हस्तान्तरण

**धनकुटा समाचारदाता**

धनकुटा । हिले खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नयाँ कार्यसमितिलाई सम्पूर्ण जिम्मेवारी पुरानो कार्यसमितिद्वारा हस्तान्तरण गरिएको छ । एक कार्यक्रमको आयोजना गरी पुरानो समितिका पदाधिकरीले नयाँ कार्य समितिका पदाधिकारीलाई लेखा सहित सम्पूर्ण जिम्मेवारी जिम्मा लगाएको हो ।

सो अवसरमा पूरानो कार्य समितिका कार्यवाहक अध्यक्ष हर्क लिम्वु, सचिव अमित ल्हो र कोषाध्यक्ष नारायण थापालगायतले नयाँ कार्य समितिका अध्यक्ष एवम् धनकुटा नगरपालिका वडा नं. १ का वडाध्यक्ष निरेन तामाङ, सचिव भोगेन्द्र थापालगायतलाई जिम्मेवारी हस्तान्तरण गरेका हुन् ।

समितिको नयाँ कार्य समिति अध्यक्ष निरेन तामाङको अध्यक्षतामा सञ्चालित कार्यक्रममा पुरानो कार्यसमितिको कार्यकालमा हिलेमा खानोपनी व्यवस्थापनका लागि गरिएका कार्यहरूको वारेमा जानकारी गराउँदै समितिको नाममा हाल २ लाख ३८ हजार ६ सय ९१ रूपैयाँ बैंक खातामा जम्मा रहेको जानकारी गराईएको छ ।

कार्यक्रममा उपभोक्ताहरूले समितिको हरहिसाव परदर्शी हुनु पर्ने बताए । यस्तै समितिमा एक राजनीतिक दल निकटका मात्र पदाधिकारी तथा सदस्य हुनु हुदैन, खानेपानीका भएका मुहानहरूको संरक्षण गर्नुपर्छ भन्ने लगायतका सुझाव रखेका थिए ।

ती सुझावहरूलाई सम्वोधन गर्दै नवगठित समितिका अध्यक्ष तामाङले १ नं वडामा क्रियाशील राजनीतिक दलको सिफारिसको आधारमा समितिमा सदस्य थप गर्ने, हरहिसाब पारदर्शी बनाउने, पुरानो हिसाब किताब उपभोक्ता माझ स्पष्ट पार्न छानविन समिति गठन गर्ने बताए ।

सो कार्यक्रममा दिईएको जानकारी अनुसार हिलेमा अहिले जम्मा ९ सय ३१ घरधुरी खानेपानी उपभोक्ताहरू छन् ।

# स्वास्थ्य सामग्री वितरण



धनकुटा । नेपाली कांग्रेस चौविसे गाउँ कार्यसमितिका सभापति तथा युवा समाजसेवी बिजु राईले कोरोना संक्रमितहरूको घर घरमा पुगेर राहत तथा स्वास्थ्य सामग्री बितरण गरेका छन् ।

पालिकाको वडा २, ३ र ४ को शुक्रबारे, सोगुम तल्लो, सोगुम माथिल्लो, गढिगाउँ र सुरूङ्गी लगायतकाको जम्मा ५७ घरधुरी लाई प्रति घरधुरी १० पिस मास्क, सेनिटाइजर, सिटामोल, भिटामिन सि लगायत प्रति एक घर बराबर साढे बाह्र केजी चामल, आधा केजी दाल, १ केजी नून, १ पोका खाने तेल वितरण गरिएको सभापति राईले जानकारी दिए ।

देश विदेशमा रहेका आफन्त तथा साथीभाईहरूको सहयोग र आफ्नो समेत गरी ५० हजार बढीको लागतमा उक्त सामग्रीहरू

..........बाँकी ५ पेजमा

# बाख्रापकेट क्षेत्र कार्यक्रम शुरु

धनकुटा । सहिदभूमि गाउँपालिका वडा १ सफाईटारमा बृहत् बाख्रा पकेट प्याकेज कार्यक्रम शुरू भएको छ । पालिकाको वडा नं. १ लाई मासुमा आत्मनिर्भर बनाउने तथा व्यावसायिक रूपमा बाख्रापालन व्यवसाय विस्तार गर्ने उद्देश्यले सफाईटार जल उपभोक्ता कृषक सिंचाई संगठनका ५० घर धुरी कृषकबाट बाख्रा पकेट प्याकेज कार्यक्रमको शुरूवात गरेको हो ।

२० लाख लगानीबाट शुरू गरिएको पहलो चरणको बाख्रा पकेट कार्यक्रम अन्तर्गत १५ जना कृषकले आधुनिक बाख्राको खोर निर्माण गरेको र ति कृषकहरूलाई दुई वटा वीउ बोका वितरण गरिएको सहयोगी संस्था जिल्ला भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र धनकुटाका प्रमुख देवकुमार दर्लामीले जानकारी दिए । कार्यक्रम अर्न्तगत निर्माण गरिएको बाख्राको खोरको पालिकाले अवलोकन तथा अनुगमन गर्दै वीउ बोका वितरण गरेको छ ।

अनुगमन तथा वितरण कार्यक्रम संघीय सांसद राजेन्द्रकुमार राईको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रमका प्रमुख अतिथि सांसद राईले कृषकलाई वीउ बोका वितरण गर्दै कार्यक्रममा गरिवी निवारण तथा आर्थिक पछौटेपन हटाउन संघ तथा तीनै तहका सरकारले बृहत रूपमा लगानी तथा अनुदानका कार्यक्रम सञ्चालन गरिरहेको जानकारी गराए । उनले यस्ता कार्यक्रमले कृषकको जीवन

..........बाँकी ५ पेजमा

# खोकुमा अस्पताल निर्माण हुँदै



धनकुटा । सहिदभूमि गाउँपालिका वडा नं. ४ खोकुमा ७ करोड लागतमा प्राथमिक अस्पताल निर्माण भइरहेको छ । सो निर्माणाधीन प्राथमिक अस्पतालको निमार्ण कार्य ५० प्रतिशत काम सम्पन्न भएको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत राज कुमार शाक्यले बताए ।

आर्थिक वर्ष २०७७/७८ को विनियोजित बजेट ७ करोड ४५

..........बाँकी ५ पेजमा


## लालिगुरास नगरपालिकाको अनुरोध

विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमण पछिल्ला दिनहरुमा यस नगरपालिका क्षेत्रमा तीव्र रुपमा वृद्धि भएकाले यस रोगबाट जोगिन सार्वजनिक स्थल वा कार्यालयमा जाँदा सजग भई अनिवार्य मास्कको प्रयोग गरौं । भौतिक दुरी कायम राखौं । सावुन पानीले मिचि-मिचि हात धुऔं वा सेनिटाइजर प्रयोग गरौं । कुनै स्वास्थ्य समस्या भए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । कोरोनाबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । स्वास्थ्य नै धन हो ।

साथै हाल संक्रमित हुनु भएका महानुभावहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

अर्जुन माबुहाङ
प्रमुख

निराजन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

तीला पोखरेल
उपप्रमुख

एवम् लालिगुरास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परिवार, तेह्रथुम



## नागार्जुन नगरपालिकाको अनुरोध

विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमण पछिल्ला दिनहरुमा यस नगरपालिका क्षेत्रमा तीव्र रुपमा वृद्धि भएकाले यस रोगबाट जोगिन सार्वजनिक स्थल वा कार्यालयमा जाँदा सजग भई अनिवार्य मास्कको प्रयोग गरौं । भौतिक दुरी कायम राखौं । सावुन पानीले मिचि-मिचि हात धुऔं वा सेनिटाइजर प्रयोग गरौं । कुनै स्वास्थ्य समस्या भए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । कोरोनाबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । स्वास्थ्य नै धन हो ।

साथै हाल संक्रमित हुनु भएका महानुभावहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

मोहनबहादुर बस्नेत
प्रमुख

सुरेन्द्र थापामगर
प्रमुख प्रशासकीय अधिकृत

शुशिला अधिकारी
उपप्रमुख

एवम् नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परिवार, काठमाडौं



निगाले सिमेन्ट

ग्यारेन्टेड ओ.पी.सी. उपहार होईन गुणस्तर, सस्तो होईन मजवुत, विदेशी होईन स्वदेशी सिमेन्ट

सम्पूर्ण उपभोक्ता महानुभावहरू :

आधुनिक प्रविधि, दक्ष, अनुभवी, प्राविधिक टोली, उच्च गुणस्तरीय स्वदेशी चुनढुंगाको सम्मिश्रणबाट उत्पादित मजबुत, बलियो उच्च गुणस्तरीय सिमेन्ट नै हो **ओ.पि.सी निगाले सिमेन्ट** ।

निगाले सिमेन्टस् प्रा.लि. सिधुवा, धनकुटा, नेपाल (सम्पर्क:- ०२६-४०४०८५/४०४०८६

निगाले सिमेन्ट


प्रमुख व्यवस्थापक: योगेश्वर श्रेष्ठ, प्रमुख समाचारदाता:-विदुर खवास, समाचारदाता:- कविराज घिमिरे, टेकेन्द्र ओझा, कार्टुन स्केज:- उमेशचन्द्र अधिकारी, सहयोगी:- नवीन राई, सुष्मा लम्जेल र जयन्द्र प्रधान, फोटोपत्रकार: विजयशेखर श्रेष्ठ, बजार व्यवस्थापक: मेघराज खतिवडा, कम्प्युटर:-साप्ताहिक डेस्कटप